# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, भदौ ५ गते २०६२ साल (अतिरिक्ताङ्क ३३

## भाग ३

### श्री ५ को सरकार
### गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २ को खण्ड (क) को उपखण्ड (७) ले दिएको अधिकार प्रयोग गरी "बीमा सेवा" लाई आवश्यक सेवामा समावेश गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक तार वा टेलिफोन सेवा

२. जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरू ओसार-पसार गर्ने यातायात सेवा

३. हवाईअड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने, राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा

५. मिन्ट वा सरकारी छापाखाना सम्बन्धित सेवा

६. हातहतियार, खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसँग सम्बन्धित श्री ५ को सरकार रक्षा व्यवस्थाको कुनै सेवा

७. सञ्चार सेवा

८. विद्युत सेवा

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा

१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टूराँ र रिजर्ट सम्बन्धी सेवा

११. पेट्रोलियम पदार्थको आयात तथा वितरण सम्बन्धी सेवा

१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा

१३. फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन स्थल निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा

१४. बैंकिङ्ग सेवा

१५. बीमा सेवा

आज्ञाले,
हरिश्चन्द्र ढुङ्गाना
कानून अधिकृत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।